जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १३२ २०८२ साल पुस ८ गते मंगलबार (23 Dec 2025 Tuesday) मूल्य रु. ५/-

## लागु औषधको दुर्व्यसनबाट टाढा रहौं

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : स्वस्थ मन... ३ पृष्ठमा : बाँकी ... ३ पृष्ठमा : युक्रेनको सस्तो ड्रोन किलर...

## बंगलादेशमा दिपुचन्द्र हत्या प्रकरण

# विश्वहिन्दु परिषद नेपाल सप्तरीले विरोध प्रर्दशन सहित प्रधानमन्त्रीलाई पठायो ज्ञापनपत्र

**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

बंगलादेशमा तीनदिन दिपुचन्द दासको निर्ममता पुर्वक हत्या गरिएको विरोधमा हिन्दुवादी संगठन विश्वहिन्दु परिषद नेपाल सप्तरीले विरोध प्रर्दशन गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका छन ।

परिषदका मधेश प्रदेश संगठन सचिव जंग बहादुर सिंह तथा जिल्ला अध्यक्ष केशव कुमार सिंहको नेतृत्वमा निस्केको जुलुश नगर परिक्रममा पश्चात जिल्ला प्रशासन कार्यालय पुगी प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएका हुन् ।



जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत युगेश कुमार यादवलाई नौ बुदे ज्ञापनपत्र बुझाउँदै बंगलादेशमा भएको दिपुचन्द्र दासको निर्मम हत्याका सम्बन्धमा अन्तराष्ट्रिय निगरानी सहित छानवीन गराउन कुटनीतीक पहलका लागी सरकार संग माग गरिएको छ ।

यस्तै बंगलादेशमा रहेका हिन्दु अल्पसंख्यक समुदायको सुरक्षा, घटनाको विरोधमा सार्क, संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय मानव अधिकार आयोग सम्म ध्यानाकर्षणका लागी सरकारको तर्फबाट आवश्यक पहल गर्न, सिमा क्षेत्रमा सम्भावित घुस पैठलाई ध्यानमा राखी निगरानी, चेक जाँचमा कडाई र दोषीलाई कडा कारवाही लगायतका माग ज्ञापनपत्र मार्फत अघि सारिएको छ ।

दासलाई धर्मद्रोहको

*बाँकी तीन पृष्ठमा*

# हराएका चार बालबालिका प्रहरीले लगायो अभिभावकको जिम्मा



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

सप्तरी प्रहरीले जिल्लाबाट हराएका ४ जना बालबालिका फेला पारी अभिभावकलाई जिम्मा लगाएको छ ।

प्रहरीले जिल्लाको तिरहुत गाउँपालिका वडा नम्बर ३ गोइठी बाट आईतबार हराएको ४ जना बालबालिका फेला पारी सोमबार अभिभावकको जिम्मा लगाएको हो ।

जिम्मा लगाईएको बालबालिकाहरुमा तिरहुत ३ गोईठी टोलका बिरेन्द्र सरदारको छोरी ७ बर्षीया सृष्टी कुमारी सरदार, सोही ठाउँका चन्दर सरदारको छोरी ७ बर्षीया बर्षा कुमारी सरदार, रामचन्द्र सरदारको छोरी ८ बर्षीया आरोसी सरदार र

*बाँकी दुई पृष्ठमा*

# चिसोबढेपछि जिल्ला विपद्को बैठक बस्ने तयारी



**दैनिक समाचारदाता**
**राजविराज, ७ पुस ।**

एकसाता देखि बढेको चिसोले सप्तरी सदरमुकाम राजविराज सहित जिल्ला भरिका जनजिवन प्रभावित भएको छ ।

अत्यधिक जाडोसँगै चलेको चिसो हावाले ग्रामिण भेगका जनजिवन प्रभावित बनेको हो ।

चिसो बढेको एक साता हुन लाग्दा पनि यहाँको स्थानियतहहरुले दाउरा लगायतका सामग्री उपलब्ध गराउन सकेको छैन् भने जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने तयारी भईरहेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

चिसो बढेसँगै विद्यालय जाने विद्यार्थी र वृद्धवृद्धा प्रभावित भएका छन् भने चिसो छल्न ग्रामिण भेगमा विहानै देखि घुर तापेर स्थानियहरु बस्दै आएका हुन् ।

मौसममा आएको परिवर्तन र लगातार चलिरहेको चिसो हवाका कारण विद्यालयमा विद्यार्थीहरुको उपस्थिति घटेको छ ।

रुपनी गाउँपालिकाका अध्यक्ष दिनेशकुमार यादवले जाडो छल्न दाउरा व्यवस्थापनमा लागि रहेको बताए । उनले पालिका भरिका वडाको विभिन्न स्थानमा दाउरा वितरण र गरिव तथा विपन्न परिवार र अपाङ्गका लागि कम्बलको पनि व्यवस्थान भईरहेको जानकारी दिए ।

चिसो बढेपछि जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्ने तयारी भईरहेको जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत युगेशकुमार यादवले बताए ।

उनले जिल्लामा रहेका १८ वटै पालिका प्रमुख संग बैठक बस्नेबारेमा छलफल भईरहेको र छिट्टै नै बैठक बसेर दाउरा उपलब्ध, न्यायो कपडा वितरण जस्ता आवश्यक निर्णय गरी कार्यान्वय गरिने उनले जानकारी दिए ।

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्य:**

१. दरखास्त बुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## प्रतिलिपि अधिकार संरक्षण गरौं।

❖ सर्जकको सम्मान शब्दले होइन व्यवहारमा गरौं।
❖ सिर्जनालाई बचाऊँ, सर्जकलाई सम्मान गरौं।
❖ अर्काको सृजना वा रचना चोरी नगरौं।
❖ प्रतिलिपि अधिकार उल्लङ्घन नगरौं।
❖ बौद्धिक सम्पत्तिको रक्षा गरौं।
❖ सृजनाको संरक्षण गरौं।

सर्जकलाई सम्मान, प्रतिलिपि अधिकारको संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# निर्वाचनका लागि आयोग पूर्ण रूपमा तयार छ : कार्यवाहक प्रमुख आयुक्त भण्डारी

काठमाडौं, ७ पुस (रासस) ।

"सरकारले निर्वाचन मिति घोषणा भएको साढे चार महिना बितिसकेको छ, अब हामीसँग करिब दुई महिना मात्र बाँकी छ । आयोगले प्रक्रियागत रूपमा थोरै कामबाहेक सबै काम सम्पन्न गरिसकेको छ", कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो ।

उहाँले मनोनयनपत्र दाखिल भइसकेपछि सुरक्षासम्बन्धी नीति तत्काल परिमार्जन नगरे निर्वाचनको समयमा समस्या आउनसक्ने भन्दै शान्ति सुरक्षासम्बद्ध निकाय र गृह मन्त्रालयलाई समयमै तयारीका लागि आग्रहसमेत गर्नुभयो । कार्यवाहक प्रमुख आयुक्त भण्डारीले विगतमा गरिएको जोखिम वर्गीकरण यसपटक केही फरक देखिनसक्ने भन्दै सोहीअनुसार रणनीति अपनाएर तयारी गर्नुपर्नेमा जोड दिनुभयो । "उम्मेदवार, पुराना र नयाँ शक्तिबीचको द्वन्द्व तथा शक्ति सङ्घर्षका कारण कतिपय स्थानमा शान्त मानिएका क्षेत्र जोखिमयुक्त र जोखिम मानिएका क्षेत्र सामान्य हुनसक्ने सम्भावना छ । त्यसैले निर्वाचनको विकल्प निर्वाचन मात्र हो, अरु कुनै विकल्प छैन भन्ने ध्येयका साथ सबैले निर्वाचन सफल बनाउन आवश्यक सहयोग गर्न मेरो आग्रह छ", उहाँको भनाइ थियो ।

भण्डारीले गृह मन्त्रालयले शान्ति सुरक्षाका विषयमा आवश्यक प्रत्याभूति गरिसकेको र निर्वाचन आयोग तथा सरकारबीचको छलफलबाट सुरक्षामा कुनै कमजोरी नरहेको प्रतिबद्धता जनाइएको बताउनुभयो । उहाँले फागुन २१ गते हुने निर्वाचनका लागि मौजुदा कानुनअनुसार कार्यविधि, निर्देशिका र आचारसंहिता पनि तर्जुमा भइसकेको जानकारी गराउँदै अब दलीय सहमति र सरकारसँगको समन्वयमा आचारसंहिता लागू गरिने उल्लेख गर्नुभयो । बैठकमा समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको नाम पेस गर्ने समय परिवर्तन गर्दा निर्वाचन प्रक्रियामा धक्का लाग्ने भन्दै समय परिवर्तन नगर्न राजनीतिक दलसमक्ष आयोगले आग्रहसमेत गरेको छ । घोषित निर्वाचन गर्न छोटो समय र सीमित जनशक्ति रहेकाले तालिका परिवर्तन गर्दा असहज हुने कार्यवाहक प्रमुख आयुक्त भण्डारीले स्पष्ट पार्नुभयो ।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# स्वस्थ मन, सशक्त समाज



**डा. नम्रता पाण्डे**

२०२५ डिसेम्बर १० देखि २०२६ मार्च १४ सम्म चार महिने अभियानका रूपमा 'मानसिक स्वास्थ्य सचेतना अभियान २०२५' स्वस्थ मन, सशक्त समाज नारा लिएर सुरु भएको छ । नेपालमा मानसिक स्वास्थ्य केवल व्यक्तिगत स्वास्थ्यको विषय नभई मनोसामाजिक विकास र मानव अधिकारको आधार हो ।

डिसेम्बर १० मानव अधिकार दिवसकै दिन सुरु गरिएको यो चार महिने अभियानले बालबालिका, किशोर-किशोरी, युवा, महिला, अपांगता भएका व्यक्ति, एलजिबिटिआइक्यूप्लस समुदाय, दलित, आर्थिक रूपमा कमजोर वर्ग र वृद्धलाई लक्षित गर्दै सकारात्मक सामाजिक वातावरण निर्माण र मानसिक तनाव कम गर्ने उद्देश्य राखेको छ ।

अभियानले विद्यालयमा जीवन कौशल शिक्षा, डिजिटल स्वास्थ्य र साक्षरता पहलमार्फत विद्यार्थी र अभिभावकमा आत्मविश्वास र सामाजिक समावेशिता विकास गरिरहेको छ । समुदायमा मानसिक स्वास्थ्य डेस्क स्थापना, महिला समूह र युवा क्लबसँग सहकार्य गरेर सहानुभूतिपूर्ण र सहयोगी वातावरण निर्माण गर्दैछ । स्वास्थ्य संस्थाहरूमा मनोसामाजिक परामर्श सेवा, हेल्पलाइन र तत्काल रिफर गर्ने प्रणाली उपलब्ध गराएर परिवार र व्यक्तिमा तत्काल सहयोग सुनिश्चित गरिएको छ । डिजिटल माध्यमबाट सही सूचना प्रवाह गर्दै, गलत बुझाइ र भ्रम हटाउने प्रयास पनि भइरहेको छ ।

यस अभियानबाट व्यक्तिगत स्तरमा तनाव व्यवस्थापन, आत्मविश्वास र सकारात्मक सोच विकास हुन्छ, समुदायमा सहयोगी र कलंकविहीन वातावरण निर्माण हुन्छ र संस्थागत स्तरमा नीति कार्यान्वयन र स्वास्थ्य सेवामा पहुँच सुधार हुन्छ । मानसिक स्वास्थ्यको सुरक्षा केवल सरकारको मात्र जिम्मेवारी नभई विद्यालय, परिवार, समुदाय, मिडिया र स्वास्थ्यकर्मीको साझा दायित्व हो । स्वस्थ मन भएका व्यक्तिले मात्र परिवार, समाज र राष्ट्रमा सकारात्मक योगदान गर्न सक्छन् । मानसिक स्वास्थ्य अधिकार, आवश्यकता र मानव जीवनको मेरुदण्ड हो, साथै यो अभियानले राष्ट्रव्यापी सकारात्मक परिवर्तनको मार्ग प्रशस्त गर्ने विश्वास राखिएको छ ।

**सुदृढ मानसिक स्वास्थ्यः व्यक्तित्व, परिवार र समाजको आधार**

मानसिक स्वास्थ्य केवल व्यक्तिगत स्वास्थ्यको सवाल मात्र होइन, सामाजिक-सांस्कृतिक जटिलता र चुनौतीको रूपमा हेर्नुपर्छ । व्यक्तिको मानसिक अवस्था उसको व्यक्तिगत जीवनसँग मात्र सम्बन्धित हुँदैन, परिवार, समुदाय र राष्ट्रको समग्र विकाससँग गहिरो रूपमा जोडिएको हुन्छ । जब व्यक्तिको मनोवैज्ञानिक अवस्था सन्तुलित र स्वस्थ हुन्छ, उनी आफ्नो परिवारमा जिम्मेवार भूमिका निर्वाह गर्न सक्षम हुन्छन्, सामाजिक सम्बन्धलाई सुदृढ बनाउँछन् र समुदायमा सकारात्मक योगदान दिन सक्छन् तर मानसिक अस्वस्थता हुँदा व्यक्तिले आफ्नो भावनात्मक, सामाजिक र व्यावहारिक जीवनमा चुनौती सामना गर्न कठिनाइ महसुस गर्छ, निर्णय क्षमता कमजोर हुन्छ, तनाव व्यवस्थापनमा समस्या आउँछ, पारिवारिक सम्बन्धमा द्वन्द्व उत्पन्न हुन सक्छ र समुदायसँगको सहकार्यमा बाधा आउँछ ।

यस्तै परिस्थितिले देखाउँछ कि मानसिक स्वास्थ्य केवल स्वास्थ्य सेवा वा चिकित्सकीय हस्तक्षेपको विषय मात्र होइन, सामाजिक संरचना र व्यवहार सुधारको आधार पनि हो । यही कारणले डिसेम्बर १०, मानव अधिकार दिवसको अवसरमा सुरु गरिएको मानसिक स्वास्थ्य सचेतना अभियान २०२५ केवल स्वास्थ्य सेवा प्रवर्धनको पहल नभई व्यक्तिगत, पारिवारिक र सामुदायिक मनोसामाजिक पुनर्संरचना तथा जागरुकता फैलाउने अभियानका रूपमा महत्त्वपूर्ण मानिन्छ ।

अभियानले मानसिक स्वास्थ्यप्रति सामाजिक कलंक घटाउने, परिवार र समुदायमा सहयोगी वातावरण निर्माण गर्ने, व्यक्तिको आत्मविश्वास र सामाजिक सहभागिता बढाउने तथा दीर्घकालीन रूपमा स्वस्थ समाज निर्माण गर्ने उद्देश्य राखेको छ । यसरी मानसिक स्वास्थ्यको संरक्षण र प्रवर्धनलाई राष्ट्रिय प्राथमिकता बनाउनु मात्र व्यक्तिगत भलाइ नभई राष्ट्रको सामाजिक-आर्थिक समृद्धिका लागि पनि अपरिहार्य कदम हो ।

**मानसिक स्वास्थ्य र सामाजिक जीवनको सम्बन्ध**

मानसिक स्वास्थ्य कमजोर हुँदा व्यक्तिको दैनिक जीवनमा मात्र नभई परिवार, विद्यालय, कार्यस्थल र समुदायमा पनि असर पर्छ । तनाव, चिन्ता, डिप्रेसन वा भावनात्मक अस्थिरताले निर्णय क्षमता, सामाजिक सहभागिता र आत्मसम्मानलाई कमजोर बनाउँछ । यो अवस्था भनेको व्यक्तिको मात्र होइन, उसको वरपरका मानिसहरूको जीवनमा पनि प्रभाव पार्ने सामाजिक चुनौती हो ।

उदाहरणका लागि परिवारमा तनावयुक्त वातावरण वा सहयोगको कमीले बालबालिका र किशोर-किशोरीमा भावनात्मक असुरक्षा, विद्यालयमा ध्यान कम हुनु तथा समाजमा अलगाव र कलंक उत्पन्न गर्न सक्छ । यस्तै, युवामा बेरोजगारी, वैदेशिक रोजगारका दबाव, सामाजिक अपेक्षा र डिजिटल माध्यमबाट उत्पन्न दबाबले मानसिक अस्वस्थता बढाउँछ ।

महिलाहरूले पारिवारिक जिम्मेवारी, लैंगिक विभेद र आर्थिक आश्रिततावाट सिर्जित तनाव अनुभव गर्छन् । अपांगता भएका व्यक्ति, वृद्ध र विशेष लैंगिक समुदाय अझै बढी सामाजिक अलगाव र हिंसाको जोखिममा छन् । यसले देखाउँछ कि मानसिक स्वास्थ्य केवल व्यक्तिगत विषय होइन, यो सामाजिक न्याय, समानता र मानवीय गरिमासँग जोडिएको सामाजिक मनोवैज्ञानिक मुद्दा हो ।

**मनोवैज्ञानिक सामाजिक चुनौतीहरू**

नेपालमा मानसिक स्वास्थ्यसँग सम्बन्धित चुनौतीहरू केवल व्यक्तिगत नभई व्यापक सामाजिक र संरचनात्मक समस्यासँग जोडिएका छन् । विशेषगरी ग्रामीण तथा दूरदराज क्षेत्रका मानिसहरू आवश्यक उपचार र परामर्श सेवा पाउन असमर्थ छन्, जहाँ मानसिक स्वास्थ्य विशेषज्ञ, मनोचिकित्सक र काउन्सेलरको संख्या अत्यन्त कम छ ।

यस्तै, समाजमा अझै पनि मानसिक रोगप्रति भ्रम, लाज, डर र गलत बुझाइ व्यापक छ, जसले प्रभावित व्यक्तिलाई उपचार खोज्न र समस्याबारे खुला रूपमा बोल्नबाट रोक्छ । परिवार र समाजबाट पर्याप्त भावनात्मक समर्थन नपाउनुले व्यक्तिको मानसिक अस्वस्थतालाई अझ गहिरो र दीर्घकालीन बनाउँछ, जसले परिवारिक सम्बन्ध र सामाजिक सहभागितामा पनि नकारात्मक प्रभाव पार्छ ।

त्यसैगरी कुलत एवं नसा सेवन, विद्यालय र कार्यस्थलमा मानसिक स्वास्थ्यलाई प्राथमिकता नदिनु र महिला, अपांगता भएका व्यक्ति तथा अन्य कमजोर समूहका लागि सीमित सेवा उपलब्ध हुनुले मानसिक स्वास्थ्यको सामाजिक-सांस्कृतिक चुनौतीलाई अझ जटिल बनाएको छ । यी सबै चुनौती केवल स्वास्थ्य सेवाको अभावमा सीमित नभई सामाजिक संरचना, शिक्षा, जागरुकता र सहयोगको कमी गहिरो रूपमा जोडिएका छन्, जसले व्यक्तिको जीवनस्तर, सामाजिक सहभागिता र समग्र समुदायको सुदृढतामा प्रभाव पार्छ ।

**स्वस्थ मन, स्वस्थ समाज**

मानसिक स्वास्थ्य केवल व्यक्तिगत समस्या वा विलासीको विषय होइन । यो मानव स्वास्थ्य र अधिकारको अभिन्न हिस्सा हो । प्रत्येक व्यक्तिलाई सम्मान, स्वतन्त्रता, गरिमा र सुरक्षित जीवनको अधिकार छ र यी अधिकारको वास्तविकता तब मात्र पूर्ण हुन्छ जब व्यक्ति मानसिक रूपमा स्वस्थ हुन्छ । मानसिक स्वास्थ्य कमजोर हुँदा व्यक्ति आफ्नो निर्णय क्षमता, सामाजिक सहभागिता र जीवनको गुणस्तरमा प्रभावकारी भूमिका खेल्न असमर्थ हुन्छ । यस्तो अवस्थामा परिवार, विद्यालय, कार्यस्थल र समुदायसँगको सम्बन्ध कमजोर हुन्छ, सामाजिक अलगाव र कलंक बढ्छ र व्यक्ति जोखिमपूर्ण परिस्थितिहरूमा सजिलै पर्न सक्छ ।

दैनिक जीवनमा मानसिक स्वास्थ्यको महत्त्व अत्यन्तै स्पष्ट छ । स्वस्थ मन भएकाले मात्र मानिसले तनाव व्यवस्थापन गर्न, भावनात्मक चुनौतीहरूको सामना गर्न, सहकर्मी, परिवार र समुदायसँग सहयोगपूर्ण सम्बन्ध निर्माण गर्न सक्छ । यसले व्यक्तिको सामाजिक र आर्थिक जीवनलाई सन्तुलित बनाउँछ, परिवार र समाजलाई सुदृढ बनाउँछ र समग्र राष्ट्रको समृद्धिमा योगदान पुर्‍याउँछ ।

मानसिक स्वास्थ्यलाई मानव अधिकारको रूपमा मान्यता दिनु भनेको प्रत्येक व्यक्तिले आफ्नो जीवनमा गरिमायुक्त र स्वतन्त्र रूपमा बाँच्ने हक सुनिश्चित गर्नु हो । स्वास्थ्य अधिकारको सन्दर्भमा मानसिक स्वास्थ्यलाई प्राथमिकता दिनुले व्यक्ति मात्र होइन, परिवार, समुदाय र राष्ट्रस्तरमा दीर्घकालीन सकारात्मक प्रभाव पार्छ । डिसेम्बर १० देखि मार्च १४ सम्म सञ्चालन हुने यो अभियानले व्यक्तिको मनोसामाजिक उत्थानमा मात्र होइन, सामाजिक जागरुकता, कलंक घटाउने प्रयास र समावेशी समुदाय निर्माणमा पनि मार्ग प्रशस्त गर्ने विश्वास गर्न सकिन्छ ।

यसरी, मानसिक स्वास्थ्य मानव अधिकार मात्र होइन, दैनिक जीवनको आधारभूत आवश्यकता र स्वस्थ, सशक्त समाजको मेरुदण्ड पनि हो । त्यसैले मानसिक स्वास्थ्य सुरक्षित राख्नु सबैको साझा जिम्मेवारी हो, स्वस्थ मन भएकाले मात्र सशक्त परिवार र समृद्ध समाज निर्माण सम्भव छ ।-*साभार नागरिक दैनिक*

---

*हराएका...*

उनका छोरा ६ बर्षीय कृष्ण सरदार रहेका छन् । उनीहरुलाई सोमबार अभिभावकको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

खोजतलास गर्ने क्रममा सोमबार बिहान भारदहबाट कोशी ब्यारेज तर्फ पैदल जाँदै गरेको अवस्थामा कोशी पुलछेउबाट फेला पारि अभिभावकलाई बुझाईएको उनले बताए ।

आईतबार फुफुको घर हनुमाननगर जान्छु भनेर घरबाट हिंडेको उनीहरु घर फर्केर नआएपछि इलाका प्रहरी कार्यालय भारदहमा खोजीका लागि खोजी गरिदिन अभिभावकहरुले जानकारी गराएको थियो ।

*बंगलादेशमा...*



आरोपमा तीनदिन अघि बंगलादेशमा सयौंको संख्यामा रहेको भीडले डोरीले बाँधेर कुटपीट गरी हत्या र त्यस पछि झुण्ड्याएर शवमा आगो लगाएको घट्नापछि विश्वभर विरोध भईरहेको छ ।

ज्ञापनपत्र पठाउनु अघि स्थानीय शिव मन्दिर प्रांगनबाट निस्केको जुलुश सो घटना विरुद्ध नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

"क्रुर हत्यारालाई कारवाही गर्न पहल गर, मुस्लिम आयोग खारेज गर, धार्मिक स्वतन्त्रतामाथीको आक्रमण बन्द गर, कट्टरपन्थी तथा अतिवादी समुहको नेपालमा हुने अवैध प्रवेशमा कडाई गर" लगायता नाराबाजी गर्दै जुलशमा सहभागीहरु जिल्ला प्रशासन कार्यालय पुगेको थियो ।

## ई.यु. एस (Epizootic Ulcerative Syndrome)

## परजीवी : Aphanomyces invadans

**रोग लाग्ने समय : जाडोको समय**

**रोग लाग्ने माछाका जातहरु : नैनी, रोहु र जङ्गली माछाहरु**

**लक्षणहरुः**

नेपालमा हाल यो रोगको संक्रमण कृष्कहरुको पोखरीमा व्यापक मात्रामा देखिने गरेको छ। यो रोगलाई रातो घाऊ हुने रोग पनि भनिन्छ। खासगरी पानीको तापक्रम २० डिग्री सेल्यिस भन्दा कम भएको जाडोको सिजनमा पानीको पींधमा बस्ने माछाको शरिरबाट कत्ला झर्न गई खाल्डो भएको घाउ देखा पर्दछ। ढाड र पुच्छरको नजिकको भागमा घाउहरु देखिन्छ ।

**रोकथाम**

घर पोत्ने चुना १०-१५ के जी प्रति कट्ठा, चुना भिजाई चिसो भए पछि ८-९ बजे विहान घाम लाग्ने वेलामा चारै तर्फ झोल बनाएर छर्ने ।

रोगका प्रकोप हेरी एक हप्ताको अन्तरालमा बढीमा ३ पटकसम्म चुनको प्रयोग गर्ने ।

पोटासियम पर म्यागनेटको ०.२५-२ एमजी/लिटर प्रयोग गर्ने ।

माछा मार्ने जाललाई पोखरीमा प्रयोग गरिसकेपछि राम्रोसंग सुकाएर वा एन्टीसेप्टीक रसायनले उपचार गरेरमात्र पुनः प्रयोग गर्ने ।

पोखरीको पींधमा बस्ने माछाका जातहरु जस्तै : नैनी, माँगुर, रोहु आदी माछाहरुलाई जाडो महिनामा सकभर पोखरीमा नराखे ।

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

- भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी

राजविराज

प.सं. २०८२/०८३ मिति: २०८२/०९/०१

च.नं. ३२८५

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।

रैती नं. ७ राम भगत उपाध्यायको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे जोगियाको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. नेगडा वडा नं. ३ हाल परिवर्तित बोदेबर्साइन न.पा. वडा नं. २ वस्ने बौकाईको नाति कारी साहको छोराहरु हिरालाल साह-१ दाब्बालाल साह-१ किसुन लाल साह-१ समेत जना-३ को यस कार्यालयमा द.नं. ७४८७ मिति २०८२/०८/१५ गतेमा निवेदन परि हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/०१ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४३९ | नेगडा | २ | १७७ | ०-११-१७.५ | कारी साहु तेली | फिल्डबुक को कैफियत महलमा यो जग्गा वडा नं. ३ बस्ने कारी साहुको नम्बरी हो भनि उल्लेख रहेको । |

# विश्व समाचार

## युक्रेनको सस्तो ड्रोन किलर हवाई रक्षामा प्रभावकारी

किएभ, ७ पुस (रासस/एपी) ।

युक्रेनले रुसका तीव्र गतिमा विकसित आत्मघाती ड्रोनहरूविरुद्ध हवाई रक्षा मजबुत बनाउन स्वदेशमै विकास गरिएको शक्तिशाली र कम लागतको नयाँ 'ड्रोन किलर' प्रयोग गरिरहेको जनाएको छ । हिउँले ढाकिएको मैदानमा तैनाथ एक विशेष युक्रेनी ड्रोन-शिकार टोलीले लामो रातका लागि निगरानी र प्रतिरक्षा सञ्चालन गर्दै आएको छ ।

लाइट स्ट्यान्डमा जडान गरिएका एन्टेना र सेन्सर, कडा केसबाट निकालिएका मोनिटर र नियन्त्रण प्रणालीसँगै 'स्टिङ' नाम दिइएको थर्मोसको आकारको इन्टरसेप्टर ड्रोन प्रयोगका लागि तयार गरिन्छ । युनिटका कमान्डर, सैन्य प्रोटोकलअनुसार 'लोइ' भन्ने कल साइनले चिनिने अधिकारीका अनुसार यी इन्टरसेप्टरहरूले अहिले छिटो र उच्च उचाइमा उड्न थालेका रुसी ड्रोनहरूलाई प्रभावकारी रूपमा खसाल्न सक्षम छन् । उहाँले भन्नुभयो, "नष्ट गरिएको प्रत्येक ड्रोन भनेको हाम्रो घर, परिवार र ऊर्जा संरचनामाथि आक्रमण हुन नदिनु हो । शत्रु सुत्दैन, हामी पनि सुत्दैनौं ।"

युक्रेनी सहर र विद्युत् पूर्वाधारमाथि राति हुने आक्रमणले किएभलाई महँगा मिसाइलमा निर्भर रहनुको सट्टा कम लागतमा, छिटो उत्पादन गर्न सकिने प्रणाली विकास गर्न प्रेरित गरेको हो । केही महिनामै प्रोटोटाइपबाट सामूहिक उत्पादनमा पुगेका यी इन्टरसेप्टरहरू आधुनिक युद्धमा द्रुत अनुकूलन र ठूलो सङ्ख्यामा उत्पादनको उदाहरण बनेका छन् ।

स्वयंसेवक-सञ्चालित स्टार्टअप 'वाइल्ड हर्नेट्स' ले बनाएका स्टिङ र नयाँ 'बुलेट' मोडेलले दुश्मन ड्रोनलाई पछ्याएर ठोक्किनुअघि तीव्र गति लिन सक्छन् । ती पाइलटहरूले मोनिटर वा पहिलो-व्यक्ति दृश्य चश्मामार्फत सञ्चालन गर्छन् । 'बुलेट' विकासमा संलग्न जनरल चेरी स्टार्टअपका रणनीतिक परिषद् सदस्य एन्ड्री लाभ्रेनोभिचका अनुसार यी इन्टरसेप्टरले १० हजारदेखि तीन लाख अमेरिकी डलरसम्म मूल्यका ड्रोन नष्ट गर्छन् । "यसले शत्रुलाई गम्भीर आर्थिक क्षति पुर्‍याउँछ", उहाँले भन्नुभयो ।

रुसले इरानी डिजाइनका साहेद ड्रोनसहित विभिन्न उन्नत संस्करण प्रयोग गरिरहेको छ । लाभ्रेनोभिचका अनुसार कतिपय क्षेत्रमा रुस अगाडि भए पनि कतिपयमा युक्रेनले नयाँ समाधान निकालेर लाभ लिएको छ । वासिङ्टनस्थित सेन्टर फर युरोपियन पोलिसी एनालिसिसका रक्षा विश्लेषक फेडेरिको बोर्सारीले यी सस्ता इन्टरसेप्टरलाई आधुनिक हवाई रक्षाको महत्त्वपूर्ण हिस्सा बताउनुभयो । उहाँले भन्नुभयो, "यसले हवाई रक्षाको लागत र मापनको समीकरण बदलिदिएको छ, तर यसलाई एक्लै सबै समस्याको समाधान ठान्नु हुँदैन ।"

विश्लेषकहरूका अनुसार यसको सफलता सेन्सर, छिटो कमान्ड-कन्ट्रोल र दक्ष अपरेटरमा निर्भर छ । युक्रेन र नाटोका योजनाकारहरूले सन् २०२६ सम्म दुवै पक्षमा ड्रोन उत्पादन अझ तीव्र हुने अपेक्षा गरेका छन् । यसले 'ड्रोन वाल' भनिने तहगत हवाई रक्षा प्रणाली निर्माण गर्ने युरोपेली योजनालाई पनि गति दिएको छ ।

युक्रेनी ड्रोन निर्माता कम्पनीहरूले आगामी वर्ष अमेरिकी र युरोपेली कम्पनीहरूसँग सह-उत्पादन विस्तार गर्ने तयारी गरिरहेका छन् । युद्धमा परीक्षण गरिएका डिजाइन र डेटा पश्चिमी प्रविधि र लगानीसँग जोडिँदा उत्पादन वृद्धि हुनुका साथै युक्रेन नाटो आपूर्ति शृङ्खलामा समाहित हुने अपेक्षा गरिएको छ । दीर्घकालमा स्वचालन बढ्दै जाने र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) युक्त पूर्ण स्वायत्त ड्रोनले सैनिकहरूको ज्यान जोगाउन सहयोग गर्ने विश्वास युक्रेनी पक्षले व्यक्त गरेको छ ।

## मस्कोमा कार बम विस्फोटमा रूसी वरिष्ठ जनरलको मृत्यु

मस्को, ७ पुस (रासस/ सिन्ह्वा) ।

मस्कोको दक्षिणी भागमा सोमबार एक वरिष्ठ रूसी जनरलको कारमा राखिएको बम विस्फोट हुँदा उहाँको मृत्यु भएको छ । रूसी प्रमुख अपराध अनुसन्धान समितिले जनरल लाइटनेनन्ट फानिल सरवारोभको हत्या सम्बन्धमा अनुसन्धान सुरु गरेको जनाएको छ । सरवारोभ रूसी सेनाको प्रधान स्टाफको प्रशिक्षण विभागका प्रमुख थिए र सेनाको रणनीति तथा प्रशिक्षण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका थिए ।

अनुसन्धानकर्ताहरूले आक्रमण युक्रेनी विशेष सेनासँग सम्बन्धित हुन सक्ने सम्भावनालाई पनि जाँचको भाग बनाएको बताएका छन् ।

फेब्रुअरी सन् २०२२ मा मास्कोले युक्रेनमा सेना पठाएपछि युक्रेनमा रूसी सैन्य अधिकारी र प्रोक्रीमलिन समर्थकलाई लक्षित गरेर भएका धेरै आक्रमणमा कीएभलाई दोष लगाइएको छ । यसै क्रममा मास्को नजिक अप्रिल सन् २०२३ मा जनरल यारोस्लाव मोस्कालिक कार बममा मारिएका थिए ।

सेन्ट पिटर्सबर्गमा अप्रिल सन् २०२३ मा एक मूर्तिमा विस्फोट हुँदा सैन्य ब्लगर म्याक्सिम फोमिनको मृत्यु भएको थियो । त्यस्तै, मे सन् २०२१ मा अल्ट्रानेशनलिस्ट विचारक अलेक्ज्याण्डर दुगिनकी छोरी डारिया दुगिन कार बम विस्फोटमा मारिएकी थिइन् ।

यस घटनाले रूसमा सुरक्षा चुनौती र उच्च अधिकारीहरूलाई लक्षित गर्ने खतरा अझ बढेको देखाउँछ । अनुसन्धानकर्ताहरूले घटनास्थलको अवलोकन गरिसकेका छन् र विस्फोटमा प्रयोग भएका बमका अवशेषहरूको विश्लेषण गरिरहेका छन् । साथै, यस आक्रमणका सम्भावित दोषीहरू पत्ता लगाउन व्यापक अनुसन्धान जारी छ ।

# बलानबिहुलका पुर्व अध्यक्ष सहित पाँच जना उपर विशेष अदालतमा मुद्दा दायर




**दैनिक समाचारदाता राजविराज, ७ पुस ।**

बलानबिहुल गाउँपालिकामा नमुना विद्यालय भवन निर्माणको ठेक्कामा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगले तत्कालीन गाउँपालिका अध्यक्ष दयानन्द गोइत, निमित्त प्रमुख प्रशासकीय अधिकृत मो.नसिम राइन, लेखापाल कमलेस कुमार साह, सब-इन्जिनियर सन्तोष कुमार रजक, निर्माण कम्पनी ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि. र कम्पनीका प्रबन्ध निर्देशक राजिव कुमार साह सहित पाँजजना उपर विशेष अदालतमा आइतबार मुद्दा दायर गरेको हो ।

अख्तियारले जारी गरेका विज्ञप्ति अनुसार २०७८ चैत २९ गते जारी आशयपत्र अनुसार बलानबिहुल गाउँपालिकाको वडा नम्बर ६ सेहरास्थित जागेश्वर गरहाई जनता मा.वि.को भवन निर्माणका लागि ८ करोड ९८ लाख २१ हजार चार सय ९६ रुपियाँमा ओम गणेशाय कन्स्ट्रक्सन प्रा.लि.ले गाउँपालिकासँग ठेक्का सम्झौता गरेको थियो ।

तर कम्पनीले नक्कली कार्यअनुभव प्रमाणपत्र पेस गरेको र एकमात्र बोलपत्रदाता भएर पनि योग्यता नपुगेको अवस्थामा गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरुले मिलेमतोमा ठेक्का दिलाएको थियो ।

सार्वजनिक खरिद ऐन विपरीत अयोग्य कम्पनीलाई छनोट गरिएको, बोलपत्र मूल्याङ्कन समितिमा अध्यक्ष स्वयं संयोजक बनेर बदनियतपूर्वक निर्णय गराएको, फर्जी कार्य अनुभवका प्रमाणपत्रहरु प्रस्तुत भएको थाहा हुँदाहुँदै थप कागजात माग गरी मूल्याङ्कनलाई प्रभाव पारिएको, अयोग्य कम्पनीलाई प्राविधिक योग्यता पूरा गरेको भनी सफल घोषित गरेर सम्झौता गराइएको र तीन करोड ९१ लाख १७ हजार चार सय ८२ रुपियाँ भुक्तानी समेत भइसकेको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

अख्तियारले कुल ठेक्का रकमलाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन अनुसार कैद सजाय र जरिवानाको माग दावी गर्दै भुक्तानी भइसकेको रकम असुल गर्न समेत दायर गरिएको आरोपपत्रमा मागदाबी लिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता गणेश बहादुर अधिकारीले जारी गरेको प्रेस विज्ञप्ति अनुसार प्रतिवादीहरु लाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम उक्त कायम भएको बिगोमध्ये खर्च भएर गएको रकम तीन करोड ९१ लाख १७ हजार चार सय ८२ रुपियाँ बिगो असूल उपर हुने मागदाबी लिइएको जनाएको छ ।

# घुरबाट साडीमा आगो लाग्दा जलेर महिला गम्भीर घाइते

**दैनिक समाचारदाता राजविराज, ७ पुस ।**

घुरबाट आगो सल्किएर साडीमा लाग्दा जलेर एक वृद्ध महिला गम्भीर घाइते भएकी छिन् ।

सप्तरीको राजगढ गाउँपालिका वडा नं. ४ बस्ने ७० वर्षीया उमदा देवी मण्डल जलेर गम्भिर घाईते भएकी हुन् ।

आईतबार राति उनको गाई गोठमा लगाएको घुरबाट आगो सल्किएर साडीमा लागेको थियो ।

गाई गोठमा लगाएको घुरबाट मण्डलको साडीमा आगो सल्किन गई कम्मरभन्दा मुनिको ५० प्रतिशत भाग जलेर गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए ।

गम्भीर घाइते मण्डललाई राजबिराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारपछि थप उपचारका हाल बिराट टिचिङ अस्पताल बिराटनगरमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# जापानिज इन्सेफ्लाइटिस्बाट यस वर्ष ३५ जनाको मृत्यु

काठमाडौँ, ७ पुस (रासस) ।

जापानिज इन्सेफ्लाइटिस्को सङ्क्रमणबाट यस वर्ष ३५ जनाको मृत्यु भएको छ ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा अन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार १७९ जना जनामा जापानिज इन्सेफ्लाइटिस्को सङ्क्रमण भएको थियो ।

यस वर्ष जापानिज इन्सेफ्लाइटिस्का एक हजार ७३९ शङ्कास्पद बिरामीको परीक्षण गरिएको उहाँले बताउनुभयो । जापानिज इन्सेफ्लाइटिस् सङ्क्रमण एक पटक भएपछि अर्को पटक नभए पनि शङ्कास्पद बिरामीलाई भने अर्को पटक जापानिज इन्सेफ्लाइटिस् हुन सक्ने उहाँको भनाई छ ।

गत वर्ष सन् २०२४ मा २५ जना जापानिज इन्सेफ्लाइटिस्बाट मृत्यु भएका थिए । उहाँले बर्सेनि जापानिज इन्सेफ्लाइटिस्बाट मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको बताउनुभयो । गत वर्ष जापानिज इन्सेफ्लाइटिस् सङ्क्रमण ८६ जना देखिएको थियो ।

सन् २०१४ मा चार जना, सन् २०१७ मा एक जना र सन् २०२३ मा सात जना जापानिज इन्सेफ्लाइटिसबाट मृत्यु भएका थिए ।

डा गौतमका अनुसार यस वर्ष तीन वर्षदेखि ८९ वर्षसम्मका मानिसलाई जापानिज इन्सेफ्लाइटिस् देखिएको थियो । जापानिज इन्सेफ्लाइटिस्बाट २८ जिल्ला उच्च जोखिममा छन् ।

मृत्यु हुने अधिकांश ४० वर्षमाथिका छन् । उहाँले मृत्यु भएकामध्ये नौ प्रतिशतले खोप लगाएको तथा अन्यले खोप नलगाएको पाइएको बताउनुभयो । गौतमले चिसो बढेकोले अब भने जापानिज इन्सेफ्लाइटिस् सङ्क्रमण कम हुने बताउनुभयो ।

यो रोग विशेषगरी साउनदेखि कात्तिकसम्म बढी देखिन्छ । नेपालमा ८२ प्रतिशत बालबालिकालाई जापानिज इन्सेफ्लाइटिस्विरुद्धको खोप लगाइएको छ ।

जापानिज इन्सेफ्लाइटिस् 'क्युलेक्स' प्रजातिको लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको गम्भीर रोग हो । यो लामखुट्टे साँझपख तथा भिसमिसे बिहानीको समयमा बढी सक्रिय हुने गर्दछ । धानबाली, दलदल र पानी जम्ने स्थान लामखुट्टेको लागि प्रजनन स्थल बन्ने हुनाले यस्ता क्षेत्रमा सङ्क्रमणको जोखिम बढी हुन्छ । नेपालमा सन् १९७८ मा पहिलोपटक रुपन्देही जिल्लामा जापानिज इन्सेफ्लाइटिस् देखिएको थियो ।

# नबिल बैंकले चीनमा त्रिशूली जलविद्युत्सम्बन्धी मुद्दा जित्यो

काठमाडौँ, ७ पुस (रासस) ।

नबिल बैंक लिमिटेडले त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड आयोजनाको काउन्टर ग्यारेन्टीसम्बन्धी मुद्दामा चिनियाँ अदालतमा सफलता हात पारेको छ ।

चीनको चोङछिङ हाइयर पिपुल्स अदालतले नबिल बैंकको पक्षमा फैसला गरेसँगै चारवटा बैंक ग्यारेन्टीबापत ७४ लाख ४९ हजार ३८६.३२ अमेरिकी डलरबराबरको रकम प्राप्त गरेको नबिल बैंकले जनाएको छ ।

चिनियाँ निर्माण कम्पनी सुइफा एएनएचई ग्रुपसँग त्रिशूली थ्रीबी आयोजनाले ठेक्का तोडेपछि चिनियाँ बैंक चाइना एभरब्राइट बैंक, छेन्दु शाखाले काउन्टर ग्यारेन्टीबापतको रकम भुक्तानी गर्न अस्वीकार गरेको थियो ।

नबिलले बैंक ग्यारेन्टी भुक्तानीका लागि सन् २०२३ डिसेम्बर १ मा आह्वानपत्र प्राप्त गरेको थियो । त्यसपछि बैंकले चाइना एभरब्राइट बैंकलाई स्वीफ्ट सन्देशमार्फत जानकारी गराएको थियो । तर सन् २०२३ डिसेम्बर १० मा उक्त बैंकले छेन्दु फाइनान्सियल अदालतबाट जारी भएको निषेधाज्ञा आदेशका कारण काउन्टर ग्यारेन्टीअन्तर्गतको रकम भुक्तानी गर्न असमर्थ रहेको जानकारी गराएको थियो ।

नबिल बैंकले भने दायित्वअनुसार त्रिशूली जलविद्युत् कम्पनीलाई बैंक ग्यारेन्टीबापतको रकम भुक्तानी गरिसकेको थियो । त्यहाँको अदालतले सन् २०२४ जनवरी १७ मा नबिल बैंकको पक्षमा फैसला सुनाएको थियो ।

उक्त फैसलाविरुद्ध सुइफा आन्हे ग्रुप कम्पनीले चोङछिङ हाइयर पिपुल्स कोर्टमा पुनरावदेन दायर गरेको थियो । उक्त मुद्दामा सन् २०२५ सेप्टेम्बर २३ मा अदालतले नबिल बैंकको पक्षमा फैसला गरेको थियो ।

त्रिशूली जलविद्युत् कम्पनीले आयोजनाको निर्माण तीन वर्षमा सक्नेगरी सुइफा आन्हे ग्रुप कम्पनीसँग २०७४ साल फागुन ३० गते ठेक्का सम्झौता गरेको थियो । तर निर्धारित समयमा निर्माण कम्पनीले काम नगरेपछि त्रिशूली जलविद्युत् कम्पनीले २०८० साल मङ्सिर ३० गते ठेक्का सम्झौता रद्द गर्दै बैंक ग्यारेन्टी जफत गरेको थियो ।

## निर्वाचनका लागि आयोग पूर्ण रूपमा तयार छः कार्यबाहक प्रमुख आयुक्त भण्डारी

काठमाडौँ, ७ पुसः

कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आयोग सरकारको प्राथमिकताअनुसार आगामी फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन गराउन पूर्ण तयार रहेको बताउनुभएको छ ।

सिंहदरबारमा आज प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा निर्वाचन आयोग, राजनीतिक दल, जेनजी प्रतिनिधि तथा सरोकार भएकाहरूबीच भएको छलफलमा उहाँले तोकिएको समयमै निर्वाचन गर्न आयोगले आवश्यक सबै तयारी पूरा गरिसकेको जानकारी गराउनुभयो ।

# सबै मिलेर अगाडि बढे कसैले शान्ति बिथोल्न सक्दैन, समयमै निर्वाचन हुन्छः प्रधानमन्त्री कार्की

काठमाडौँ, ७ पुस (रासस) ।

प्रधानमन्त्री सुशीला कार्कीले सबै राजनीतिक दललाई निर्वाचन प्रक्रियामा सहभागी भई शान्ति कायम गर्न आह्वान गर्नुभएको छ ।

सिंहदरबारमा आज निर्वाचन आयोग, राजनीतिक दल, जेनजी प्रतिनिधि तथा सरोकारभएकाहरूबीच भएको बैठकमा उहाँले सबै दल एकजुट भए कुनै पनि नकारात्मक तत्वले देशमा हिंसा मच्चाउन नसक्ने स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्री कार्कीले भन्नुभयो,"निर्वाचनका सवालमा धेरैले सुरक्षा व्यवस्थाबारे चासो राख्नुभएको छ । सरकार सम्पूर्ण रूपमा सुरक्षाको वातावरण बनाउन लागिरहेको छ । सबै राजनीतिक दलले एकजुट भएर अगाडि बढे यहाँ कुनै आतङ्ककारी वा अपराधीले हमला गर्न सक्दैन । त्यसैले मेरो अनुरोध छ, सबै निर्वाचनमा आइदिनुहोस् ।"

उहाँले निर्वाचनमा सहभागी नभएका दललाई पनि शान्ति र लोकतन्त्रका लागि निर्वाचन प्रक्रियामा आउन आग्रह गर्नुभयो । मुलुकका ११४ वटै राजनीतिक दल एकजुट भए देशमा अशान्तिको कुनै सम्भावना नरहने भन्दै प्रधानमन्त्री कार्कीले शान्ति कायम गर्न दल, जेनजी प्रतिनिधि, नागरिक समाज, सञ्चारमाध्यम र कर्मचारीलाई आह्वान गर्नुभयो ।

"सबै कुराको रिस पोख्दै मुलुकलाई नै अप्ठ्यारोमा पर्ने काम कसैले नगरौँ," उहाँले भन्नुभयो, "हामीसँग भएको समयलाई उपयोग गरेर निर्वाचनमा सहभागी होऔँ ।"

प्रधानमन्त्री कार्कीले विगतमा भएका त्रुटि र गल्तीका कारण भदौ २३ र २४ का घटना घटेको भन्दै त्यसबाट उत्पन्न आवेग र आलोचनालाई सरकारले सामना गरिरहेको बताउनुभयो । ती घटनाले जनतामा गहिरो प्रभाव पारेको उल्लेख गर्दै उहाँले सरकार र राजनीतिक दलले जनतालाई दिने सन्देश तथा परिवर्तनको उद्देश्यबारे गम्भीर रूपमा सोच्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"जेनजी र युवा पुस्ताले खोजेको परिवर्तन बुझ्नु अहिलेको मुख्य प्राथमिकता हो । जनताले परिवर्तन चाहेका छन्, त्यसैले राजनीतिक दलगायत सबै सच्चिनै पर्छ," प्रधानमन्त्री कार्कीले जोड दिँदै भन्नुभयो, "हामी आलोचनाको पात्र बनेका छौँ, तर देशका लागि सहन र भोग्न तयार छौँ । देशमा शान्ति र स्थायित्व कायम गर्ने सर्तमा हामी सबैले आफ्ना स्वार्थ त्याग्नुपर्छ, त्यसैमा मुलक र हामी सबैको भलाइ छ ।"

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*